# "सार्वजनिक सुनुवाइ प्रतिवेदन २०७२"

स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ तथा गाँउ विकास समिति अनुदान संचालन कार्यविधि २०६७ र प्रचलित अन्य ऐन नियमानुसार सुनसरी जिल्लाको ४९ गा.वि.स , ३ नगरपालिका र २ उप महानगरपालिकाहरु द्वारा आ.व.०७१।०७२ मा सम्पादन गरिएका कार्यक्रमहरुको स्थानिय निकाय सार्वजनिक सुनवाई निर्देशिका २०६७ तथा आचारसंहिता २०६९ बमोजिम सार्वजनिक सुनवाई कार्यक्रम मार्फत अझ प्रभावकारी ,पारदर्शिता बनाउदै जनताको प्रत्यक्ष सहभागिता र जवाफदेहितालाई सुनिश्चित गर्दै नैजानका लागी ईनरुवा नगरपालिकाबाट "<u>सार्वजनिक सुनवाई कार्यक्रम</u>" मिति २०७२।०३।३१ गते बिहिबारका दिन गरियो ।

१) सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम,थर र ठेगाना : प्रकाश मेहता इनरुवा ७, चतुरा एफ. एम.९९.५ स्टेशन म्यानेजर

२) सुनुवाई गरिएका विषयवस्तुहरु :
क) शिक्षा ख) स्वास्थ्य सरसफाई तथा खानेपानी
ग) न.पा. ले आ.व.२०७१।०७२ मा गरेका विकासे कार्यक्रमहरु बारे
घ) भौतिक तथा निर्माण एवं सुशासन ङ) आय व्यय

३) कार्यक्रम आयोजना स्थल :– इनरुवा नगर पालिकाको कार्यालय, मानव संशाधन हल

४) कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७२।०३।३१ गते दिउसो ०१:०० बजे

५) कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : ५ घण्टा ०५ मिनट

६) सहभागी संख्या : ८६ जना ।

७) उठेका प्रश्न/जिज्ञासा र उत्तर :

| क्र स | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने पदाधिकारी को नाम, थर | जवाफको छोटकरी ब्यहोरा |
|---|---|---|---|---|
| १.<br>२.<br>३. | श्री प्रमोद अर्याल<br>सचिन बस्नेत<br>मिना गिरीला | १. बजार क्षेत्रका सरसफाइ छैन् ? बाटोघाटो र ढल निकास व्यवस्थापन अनि सार्वजनिक शौचालयको व्यवस्थापन कहिले सम्मा गर्नुहुन्छ ?<br>२. नगर क्षेत्रको योजना नागरिक बाढा मध्यबाट छनौट गरिन्छ तर काम कहिले हुन्छ भने थाहै दिदैन किन ? ढल निकास र बाटोमा | इनरुवा इनरुवा नगरपालिका कार्यकारी अधिकृत रामचरित्र मेहता | १. बजार क्षेत्रका सरसफाइ छैन् भन्ने कुरा मान्न मिल्दैन । केहि कमजोरी भएको होला । अनि सडक बाटोघाटो र ढल निकास व्यवस्थापनको अनुगमन तपाइहरुकै अगुवाइमा भएको छ । यसलाइ यहाँहरुको सुझाव अनुसार थप प्रभावकारी बनाउने छु ।<br>२. यो सबैलाइ जानकारी |

| | | | | |
|---|---|---|---|---|
| १४.<br>१५<br>१६<br>१७<br>१८<br>१९<br>२०<br>२१ | कृष्ण भट्टराई<br>रामबिलाश मेहता<br>पूर्णरत्न बुभाजु<br>दिलकुमार<br>सुस्मिमा मगर<br>रोशन मण्डल<br>जोस्ना शाह<br>अजित भा सञ्चारकर्मी<br>बिरेन्द्र मेहता इनरुवा ७, | १०. सबै ठाउँमा विकास गर्ने जिम्मेवारी न.पा.को हो ? तर सडक अतिक्रमण र जमिन अतिक्रमण तिब्र रुपमा भइरहेको छ न.पा. किन मौन बसेको हो ?<br>११. बजारको मासुपसलहरु व्यवस्थित छैन् जसले गर्दा स्थानीयहरुको स्वास्थ्यमा नकारात्मक असर परेको छ यसको लागि न.पा.ले के सोचेको छ?<br>१२. अबैद्य रक्सीको कारोबार, टयाम्पु स्टेन्ड अव्यवस्थित छ ? त्यसलाइ व्यवस्थित गर्न के गर्नु हुन्छ ?<br>१३ , हाम्रो गाउँमा न काम्रो पर्ने छ न इनरुवा ४ मा राम्रो विद्युत नै छ त्यसको लागि नवा का.का.ले केसोच्नुभएको छ<br>१४. न.पा.सार्वजनिक सुनवाइ कार्यक्रम गरेर हामीलाइ धेरै सुचना दिएको छ त्यसको लागि धन्यवाद छ । तर अस्पताल रोड राजमार्ग क्षेत्र र बजार क्षेत्रको बाटोमा खाडा चौपाया , फोहर पानी , जथाभावि बनाएको छ ? यस प्रतिपनि ध्यान दिने हो की ?<br>१५ , इनरुवामा व्यवस्थित बध शाला कहिले सम्मा बन्न सक्छ ? | | लागि तपाइलाइ धन्यवाद । तर सडक अतिक्रमण र जमिन अतिक्रमणमा न.पा. मौन बसेको छैन , प्रयास गर्दै छौ ?<br>११. हो यो कुरा जायज भन्नु भयो नगर क्षेत्रमा मपनि बसेको छु मलाइ पनि यो समस्या महसुस भएको छ । यसलाइ सबै मिलेर समाधान खोज्नुपर्छ ।<br>१२. यसको जवाफ प्रहरी निरीक्षक जयप्रकाश सरले दिनुहुन्छ । रक्सी नियन्त्रण गर्न हाट बजारहरुमा प्रहरी परिचालन गरेका छौ । एसपी साहबको निर्देशन अनुसार काम भइरहेको छ ।<br>१३ , गर्ने प्रयास सबै तिर गरिएको छ । आगामि वर्षमा तपाइको वार्डमा पनि योजना बढ्ने काम हुने छ । विद्युतका लागि प्राधिकरण संग समन्वय गरेर समाधान गर्ने छु<br>१४. यो कुरा मैले पनि महसुस गरेको छु यसलाइ न्युनिकरण गर्न सुचना विज्ञापन गरेको छु तपाइहरुलेपनि सहयोग गर्नुभयो भने ५ सय देखि एक हजार सम्म पुरस्कार प्रदान गर्ने छु ।<br>१५ निकट भविष्यमा बनाउनका लागि प्रयास गर्ने छु । ? |

प्रतिवेदन दिएको मिति : २०७२ । ०३ । ३१ सार्वजनिक सुनुवाइ संयोजकको दस्तखत:

८) <u>गुनासो पीर मर्काको अभिलेख</u>

| नाम थर ठेगाना फोन नं. | पिर मर्का वा गुनासोको विषय | सुधार र समाधानको सुझाव |
|---|---|---|
| श्री कृष्ण कुमार गुप्ता | स्वस्थ्य सरसफाई | स्थानिय संस्था संग समन्वय |
| श्री शिव राज दहाल | भौतिक तथा निमार्ण | राजनैतिक दल,सरोकारवाला संग |

| | | |
|---|---|---|
| | | छलफल |
| श्री बाल कृष्ण निरौला | स्वस्थ्य सरसफाई सेवा सुविधा | प्रचलित नियमानुसार गनु पर्ने |
| श्री मातृका शिवाकोटी | शिक्षा | राजनैतिक दल,सरोकारवाला संग छलफल |
| श्री सरोज कुमार राई | भौतिक तथा निमार्ण | राजनैतिक दल,सरोकारवाला संग छलफल |
| श्री सदानन्द साह | भौतिक तथा निमार्ण | राजनैतिक दल,सरोकारवाला संग छलफल |
| श्री रिना श्रेष्ट | भौतिक तथा निमार्ण | राजनैतिक दल,सरोकारवाला संग छलफल |
| श्री निरु पोखेल | भौतिक तथा निमार्ण | राजनैतिक दल,सरोकारवाला संग छलफल |
| श्री पुष्पा निरौला | भौतिक तथा निमार्ण | राजनैतिक दल,सरोकारवाला संग छलफल |
| श्री श्याम देव मेहता | भौतिक तथा निमार्ण | राजनैतिक दल,सरोकारवाला संग छलफल |
| श्री शिव कुमार शर्मा | भौतिक तथा निमार्ण | राजनैतिक दल,सरोकारवाला संग छलफल |
| श्री खुब लाल चौधरी | भौतिक तथा निमार्ण | राजनैतिक दल,सरोकारवाला संग छलफल |

९) **सार्वजनिक सुनुवाई गर्न अपनाईका विधि :**

क) नागरिक प्रतिवेदन ( Citizen Report Card )

ख) बहिर्गमन अभिमत (Exit Poll )

ग) टोल विकास संस्थाहरु राजनैतिक दलहरु र संघ संस्थाहरुलाई भेलाको जानकारी

घ) आम भेला तथा छलफल

ङ) निर्देशिका २०६४ , सम्बन्धित आचारसंहिता २०६९ ।

१०) **हाम्रो बुझाई :**

सुनसरीको ३९ गा.वि.स., ३ नगरपालिका र २ उप महानगरपालिकाहरुले गरेको चालु आर्थिक वर्षको काम कार्यवाहीहरुको बारेमा नेपाल सरकार प्रचलीत कानुन बमोजिम जवाफदेही पारदर्शिता र सुशासनका लागी अनिवार्य रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम गर्नु पर्ने प्रवधान अन्तर्गत मिति २०७०।३।२१ गते इनरुवा नगर पालिकामा गरिएको सार्वजनिक सुनुवाई कार्यक्रममा निम्न प्रकारको बुझाई रहेको छ ।

(क) जम्मा जनसंख्या २८,४३४, घरधुरी ६,९९५, महिला १४,२८०, पुरुष १४,१७४ र २,२१० हेक्टर रहेकोछ । यो न. पा. सुनसरी जिल्लाको सदरमुकाम हो । यो न. पा.को पूर्व औरावनी, पश्चिममा भोकहा र नरसिंह, उत्तरमा डुमहा र दक्षिणमा बभिया गा. वि. स. रहेको छ । यहाँका जनता सार्वजनिक सुनुवाई कार्यक्रममा निकै उत्सुक रहेको थियो ।

(ख) इनरुवा नगर पालिकको चौतर्फि विकासकालागी सम्बन्धित सबै सरोकारवालाहरु (राजनैतिक दल, बुद्धिजिवि, समाजसेवि, नागरीक समाज, कार्य क्षेत्र भित्रका सरकारी तथा गैर सरकारी संघ संस्थाहरु, नागरिक वडा मंचसंगको सम्बन्ध विस्तार राम्रो रहेको पाईयो ।

(घ) इनरुवा नगर पालिकाबाट प्रवाह गरिने सबै प्रकारका सेवाहरु समय सापेक्ष प्रदान गरिएको, समयमै कर्मचारीहरु उपस्थिती हुने गरेको, आफुले गरेका कामहरुको अभिलेख राख्ने गरेको, सामुहिक निर्णयको विकास भएको पाईयो ।

(ङ) यहाँका कर्मचारीहरु नेपाल सरकारबाट पाईने सेवा सुविधा बाहेक अन्य कुनै किसिमको स्थानिय सेवा सुविधाहरु लिने गरेको छैन र वार्डमा सचिव पदमा काम गरि रहेका कर्मचारीहरु पनि कुनै किसिमका सुविधाहरु नलिएको पाइयो ।

(च) ईनरुवा नगरपालिकाका १० वटै वाडका १०/१० जना संग नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत सर्वेक्षण गरिएको थियो सो को नतिजा तलको चार्टमा निम्न बमोजिम रहेको छ ।

१. नागरिक प्रतिवेदनको नतिजा(%मा)



२. बहिर्गमन अभिमतको नतिजा(%मा)

